# शिलबन्दी दरभाउपत्र प्रक्रियाबाट वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

पहिलो पटक सूचना प्रकाशित मिति: २०८२/१०/१९ गते

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. १२६३ मिति २०८२/०८/०७ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यलय बाँकेको च.नं. २३५० मिति २०८२/१०/१५ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेको खयर जातको कुल जम्मा गोलिया थान ९४१ को ७४१.८४ क्यू.फिट काठ तथा अन्य जातको ०.७५ चट्टा दाउरालाई हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सुचना प्रकाशित गरिएको हो । ईच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सुचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सिलबन्दी बोलपत्र खरिद गर्न र २२ दिनभित्र सिलबन्दी बोलपत्र दर्ता गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यलयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

## श्री श्रृष्टी सामुदायिक वन उपभोक्ता समूह

कोहलपुर न.पा.-१०, बाँके

राष्ट्रिय दैनिक मेचीकाली सन्देश
Mechikali Sandesh National Daily

# सम्पादकीय

## सकारात्मक सन्देश प्रवाह गरौं

आजको नेपाली समाज राजनीतिक अस्थिरता, असहिष्णु भाषा, अराजक प्रवृत्ति र सामाजिक सञ्जालको दुरुपयोगबाट गम्भीर रूपमा प्रभावित हुँदै गएको छ। यी सबै तत्वहरू एकआपसमा गाँसिएर समाजको शान्ति, सद्भाव र लोकतान्त्रिक मूल्यहरूलाई कमजोर बनाइरहेका छन् । यही बेलामा देशीविदेशी तत्व र शक्तिले आफ्नो स्वार्थ सिद्ध गर्ने कोसिस गरिरहेका पनि छन् । विशेषतः पछिल्ला वर्षहरूमा देखिएको राजनीतिक अन्योलले नागरिकमा निराशा र आक्रोश बढाएको छ, जसको अभिव्यक्ति गालीगलौज, घृणात्मक अभिव्यक्ति र असंयमित व्यवहारका रूपमा सार्वजनिक भइरहेका छन् । नयाँका नाममा एकोहोरो नकारात्मकता, गालीगलौज र सामाजिक सञ्जालको दुरुपयोग व्याप्त छ र त्यसैलाई एकथरीले केकानैको राम्रो भनिरहेका छन् । यस प्रकारका प्रवृत्तिले समाजको हित गर्दैन । राजनीति मूलतः संवाद, सहमति र समाधानको माध्यम हुनुपर्ने हो तर जब राजनीतिक प्रतिस्पर्धा व्यक्तिगत आक्षेप, आरोप-प्रत्यारोप र अपमानजनक भाषामा सीमित हुन्छ, तब त्यसले समाजलाई विभाजित बनाउँछ, अराजकता निम्त्याउँछ । यस्तो प्रवृत्तिले युवापुस्तामा गलत सन्देश जान्छ र ध्वंशमा समाहित बनाउँछ।

असहमति राख्न गाली गर्नु नै सामान्य हो कि जस्तो भइरहेको देखिन्छ। भ्रम छर्ने र शक्ति प्रदर्शन गरेर अराजकता फैलाएर देखाउनुपर्छ मनसायले पनि समाजमा चुनौति थपिरहेको छ। यो लोकतन्त्रका लागि शुभ संकेत होइन।यसमा सामाजिक सञ्जालको भूमिकालाई नजरअन्दाज गर्न सकिँदैन । सामाजिक सञ्जाल सूचना आदानप्रदानको सशक्त माध्यम हो तर यसको दुरुपयोगले अफवाह, भ्रम र घृणा फैलाउने काम गरिरहेको छ।

प्रमाणबिनाका समाचार, काटछाँट गरिएका भिडियो, उत्तेजक स्टाटस र कमेन्टहरूले क्षणिक लोकप्रियता त दिलाउँछन् तर दीर्घकालीन रूपमा समाजमा अविश्वास र द्वन्द्वको बिउ रोप्छन् । अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको आधार हो, तर त्यससँगै जिम्मेवारी पनि जोडिएको हुन्छ भन्ने कुरा हामीले बिर्सनुहुँदैन। नकारात्मकतालाई तथ्यले चिरौं। यसमा असल नागरिकको भूमिका प्रदर्शन गरौं। नागरिक समाज, सचेत र प्रबुद्ध वर्ग, राष्ट्रिय हित चाहने शक्ति र राजनीतिक नेतृत्वले भाषा र व्यवहारमा संयम देखाउनुपर्छ। नयाँ भनेजतिका सबै सही र पुराना भनेजतिका सबै खराब हुन भनेर जुन भाष्य बनाउन खोजिएको छ यसलाई रोक्नुपर्छ । असहमति भए पनि सभ्य संवाद र तथ्यमा आधारित बहसको संस्कार विकास गर्नुपर्छ। आमसञ्चारका माध्यम र सामाजिक सञ्जाल प्रयोगकर्ताले समाचारको सत्यता जाँच्ने, उत्तेजनामा नआउने र घृणात्मक सामग्री अस्वीकार गर्ने बानी बसाल्नुपर्छ। शिक्षालयदेखि परिवारसम्म, आलोचनात्मक सोच र डिजिटल साक्षरताको शिक्षा दिनु आजको आवश्यकता हो।

समाज परिवर्तनको जिम्मा केवल राजनीतिज्ञ वा संस्थाको मात्र होइन, हामी सबैको हो। हरेक नागरिकको हो। सकारात्मक सोच, सहिष्णुता र जिम्मेवार अभिव्यक्तिबाट मात्र स्थिर, सभ्य र समावेशी समाज निर्माण सम्भव छ। अराजकताको आवाजभन्दा विवेकको स्वर सधैं बलियो हुनुपर्छ यही आजको समयको माग हो। आसन्न चुनाबको माहौललाई पनि यहीं सोंच र शैलीले मर्यादित र शान्तिपूर्ण बनाउन सकिन्छ। सबैले सकारात्मक सोंचको विकास गरौंला।

# आसन्न निर्वाचन र लोकतन्त्रको अभ्यास



**टेकराज पन्थी**

निर्वाचन निश्चित कार्यका लागि प्रतिनिधि छान्ने वा चुन्ने कार्य हो । साधारणतया स्थानीय, प्रादेशिक वा राष्ट्रिय सरकारका विभिन्न अङ्ग अर्थात् संसद वा सरकारमा निश्चित भूगोलमा बस्ने बासिन्दाको प्रतिनिधि छान्ने कार्य निर्वाचन हो । विश्वका अधिकांश देशले खुला वा बन्द प्रकृयाबाट निर्वाचन गराउने गर्दछन् । नेपालमा १८ वर्ष उमेर पुगेका बालिग मतदाताहरूले मत दिएर प्रतिनिधिहरू निर्वाचन गर्ने व्यवस्था छ। नेपालमा भएको पहिलो निर्वाचन राणाकालको अन्त्यमा भएको म्यूनिसिपल चुनाव हो । यो निर्वाचन राणा प्रधानमन्त्री पद्म सम्शेरले २००४ जेठ ३ गते गराएका थिए। यस अगाडि कुनै निर्वाचनको अनुभव नगरेको सो निर्वाचनमा महिलालाई मताधिकार थिएन । त्यहाँ उपस्थित भएका पुरुषहरूले मत दिएर प्रतिनिधि छानिएको थियो । बालिग मताधिकारको आधारमा नेपालमा भएको पहिलो निर्वाचन २०१५ फागुन ७ मा भएको आम निर्वाचन हो। २००७ सालमा राणा शासन अन्त्य भएपछि २०१० भदौ १७ मा भएको काठमाडौं नगरपालिकाको निर्वाचनमा पहिलोपटक महिलाले पनि मतदान गर्न पाएका थिए। सो निर्वाचनमा दुई तिहाई मत पाएर जनकमान श्रेष्ठ मेयर निर्वाचित भएका थिए । जनमत सङ्ग्रह २०३७ सालमा नेपालमा भएको एक निर्वाचन हो जसमा बहुदलीय कि निर्दलीय शासन पद्दति लागू गर्ने भन्ने विषयमा मतदान गराइएको थियो।

राजा महेन्द्रले सुरू गरेको दलविहीन पञ्चायती व्यवस्थाको चौतर्फी विरोध भएपछि नेपालमा बहुदल वा तत्कालिन शासनरत पञ्चायती व्यवस्था मान्ने भनेर जनमत सङ्ग्रह गर्ने घोषणा भयो। तात्कालिक राजा वीरेन्द्रले विसं. २०३६ साल जेठ १० गते जनमत सङ्ग्रहको घोषणा गरेका थिए । विसं. २०३७ वैशाख २० गते जनमत सङ्ग्रहका लागि मतदान भएको थियो। उक्त चुनावको परिणाम जेठ १ गते सार्वजनिक गरियो। देशभर कूल मतदाता संख्या ७१ लाख ९२ हजार ४ सय ५१ मध्ये कूल ४८ लाख १३ हजार ४ सय ८६ मत (६६ दशमलव ९२ प्रतिशत) खसेकोमा ३ लाख ७२ हजार ६९ मत (७ दशमलव ७३ प्रतिशत ) बदर भएका थिए। ४४ लाख ४१ हजार ४ सय १७ (९२ दशमलव २७ प्रतिशत) मतपत्र सदर भए। जनमतमा ३३ लाख जति महिला सहभागी भए। पहेंलो रङ्गको पञ्चायत पक्षलाई कूल २४ लाख ३३ हजार ४ सय ५२ मत (५४ दशमलव ७९ प्रतिशत) प्राप्त भयो भने नीलो रङ्गको बहुदलको पक्षमा २० लाख ७ हजार ९ सय ६५ मत (४५ दशमलव २१ प्रतिशत) प्राप्त भयो। सुधारसहितको पञ्चायत पक्षलाई ४ लाख २५ हजार ४ सय ८७ बढी मत प्राप्त भयो । चौधै अञ्चलमा बहुमत र जिल्लाको आधारमा ५४ जिल्लामा पञ्चायत पक्ष बहुमतले विजयी भयो।

नेपाल अन्तरिम शासन विधान, २००७ ले पहिलो पटक निर्वाचन आयोग सम्बन्धी व्यवस्था गरेको थियो । नेपालको संविधान, २०१९ को पहिलो संशोधनले नेपालमा निर्वाचनसम्बन्धी कार्य गर्न निर्वाचन आयोगको व्यवस्था गऱ्यो। विसं. २०४६ सालमा वहुदलीय व्यवस्थाको पुनःस्थापना भएपछि जारी नेपाल अधिराज्यको संविधान,२०४७ एवं नेपालको अन्तरिम संविधान, २०६३ मा पनि निर्वाचन आयोग सम्बन्धी व्यवस्था कायमै रह्यो। विसं. २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधान,२०७२ ले पनि निर्वाचन आयोगलाई संवैधानिक आयोगको रुपमा निरन्तरता दिएको छ। नेपालको संविधान, २०७२ बमोजिंम राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा प्रमुख निर्वाचन आयुक्त र आयुक्तको नियुक्ति गर्दछन्। प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुन्छ। नेपालको संविधानको धारा २४६ मा निर्वाचन आयोगको काम, कर्तव्य र अधिकारमा निर्वाचन आयोगले यस संविधान र संघीय कानूनको अधीनमा रही राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्नेछ। निर्वाचनको प्रयोजनका लागि मतदाताको नामावली तयार गर्ने, निर्वाचन आयोगले यस संविधान र नेपालको संविधानको धारा २४७ ले निर्वाचन आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले उपलब्ध गराउनु पर्ने व्यवस्था गरेको छ । २०१५ सालमा भएको आम निर्वाचनलाई पहिलो निर्वाचन मानिएको छ । बालिग मताधिकारको आधारमा नेपालमा हालसम्म प्रतिनिधि सभा निर्वाचन २०१५, राष्ट्रिय जनमत सङ्ग्रह २०३६, राष्ट्रिय पञ्चायत सदस्य निर्वाचन २०३८, राष्ट्रिय पञ्चायत सदस्य निर्वाचन २०४३, प्रतिनिधि सभा निर्वाचन २०४८, उपनिर्वाचन सुनसरी-३ र काठमाडौं-५, उपनिर्वाचन काठमाडौं-१ र झापा-१, प्रतिनिधि सभा निर्वाचन २०५१, उपनिर्वाचन सुनसरी-५, काठमाडौं १, रौतहट(२, रूपन्देही-२, बैतडी-१, प्रतिनिधि सभा निर्वाचन २०५६, संविधान सभा निर्वाचन २०६४, उपनिर्वाचन मोरङ-५ र ७, धनुषा-५, कास्की-१, रोल्पा-२ कञ्चनपुर-४, संविधान सभाको दोस्रो निर्वाचन २०७०, उपनिर्वाचन काठमाडौं-२, चितवन-४, बर्दिया-१, कैलाली-६, संघीय संसद् तथा प्रदेश सभा निर्वाचन २०७४ मंसिर १० गते र २० गते, प्रतिनिधि सभा निर्वाचन २०७४, राष्ट्रिय सभा निर्वाचन २०७४, प्रदेश सभा निर्वाचन, २०७४, स्थानीय तह निर्वाचन २०७४, राष्ट्रिय सभा निर्वाचन २०७९, प्रतिनिधि सभा निर्वाचन २०७९ र स्थानीय तह निर्वाचन, २०७९ लाई समेत लिन सकिन्छ।

> **आसन्न निर्वाचनमा एकले अर्कोलाई गाली गरेर होइन आफ्ना घोषणापत्र र प्रतिवद्धता मतदातासामु पस्कन सक्ने आाट गर्न सक्नुपर्दछ । निर्वाचन आयोगले निर्वाचनका लागि आवश्यक रणनीतिसहित गृहकार्य गरी निर्वाचन प्रकृया अघि बढाएसागै आचार संहितालाई पनि यसपटक कडाइका साथ अनुगमन गरिरहेको देखिन्छ । सरकारले सबै सुरक्षा अंगहरूलाई क्रियाशील बनाएको र सुरक्षा रणनीतिहरू पनि प्रभावकारी गराउन लागि परेका छन् । मतदाता शिक्षालाई पनि प्रभावकारी गराउनु सवैको उत्तिकै भूमिका हुन्छ । निर्वाचन प्रकृयाबाट निर्वाचित हुने योग्य र इमानदार नेतालाई चयन गर्नुपर्दछ । योग्य र इमान्दार जनप्रतिनिधिले जनहितका पक्षमा काम गरेपछि मात्र लोकतन्त्रप्रति नागरिकको विश्वास र भरोसा बढ्छ भन्ने नै हो ।**

नेपाल सरकारले २०७९ साल वैशाख ३० गते देशभरका ७ सय ५३ वटा स्थानीय तहमा एकैपटक स्थानीय तहको निर्वाचन गराएको थियो। २०८२ भाद्र २३ र २४ गतेको जेन्जी आन्दोलनबाट प्रतिनिधि सभा विघटन भई दलविहीनको चुनावी सरकार गठन भएको थियो। उक्त सरकारले यही २०८२ साल फागुन २१ गते नेपालभर एकैपटक प्रतिनिधि सभाको निर्वाचन गराउन निर्वाचन आयोग र नेपाल सरकार लागि परेको छ । दलहरूले आफ्ना आफ्ना उमेदवार खडा गरी मनोनयन गराई सकेका छन् । चुनावी घोषणापत्र सार्वजनिक गर्दै छन् । जनताले सच्चा र कुशल व्यक्तिलाई आफ्नो अमूल्य मत दिएर विजयी गराउनुपर्ने समय आएको छ।

दलीय व्यक्ति नभएमा अहिले योग्य र क्षमतावान् व्यक्तिलाई कहीकतै स्थान छैन । सारा विषयमा दलीय भागवण्डा चलिरहेको छ। यसलाई कसरी अन्त्य गर्न सकिन्छ। नेपालको भूराजनीति, परराष्ट्र नीति, विश्वव्यापी आर्थिक नीति, अन्तर्राष्ट्रिय ब्यापार नीति, कूटनीतिक अवस्था, सुशासन र भ्रष्ट्राचार नियन्त्रण जस्ता महत्वपूर्ण विषय अहिले हाम्रोसामु खडा भएका छन् । यिनै विषयलाई कसले चिरफार गर्न सक्छ र चिरफार गर्न योग्य व्यक्तिलाई आफ्नो अमूल्य मत दिने अवस्था आएको छ। दलहरूमा पनि धेरै परिस्कृत व्यक्तिहरू उमेदवार भएको देखिन्छ। पूर्वाधार, शिक्षा, स्वास्थ्य जस्ता विषय धेरै पटक आए तर दलका निर्वाचन घोषणापत्रमा Geo-politics, Good governance, lGobal vifll\age, Foreign policy, Productivity and Creation Of Employment, Economic Diplomacy जस्ता विषयलाई खासै उल्लेख गरेको नदेखिदा यसपटक सचेत मतदाताले यिनै विषयमा विशेष ध्यान दिनु पर्ने अवस्था छ।

आसन्न निर्वाचनमा एकले अर्कोलाई गाली गरेर होइन आफ्ना घोषणापत्र र प्रतिवद्धता मतदातासामु पस्कन सक्ने आँट गर्न सक्नुपर्दछ। निर्वाचन आयोगले निर्वाचनका लागि आवश्यक रणनीतिसहित गृहकार्य गरी निर्वाचन प्रकृया अघि बढाएसँगैआचारसंहितालाईपनियसपटककडाइका साथ अनुगमन गरिरहेको देखिन्छ । सरकारले सबै सुरक्षा अंगहरूलाई क्रियाशील बनाएको र सुरक्षा रणनीतिहरू पनि प्रभावकारी गराउन लागि परेका छन् । मतदाता शिक्षालाई पनि प्रभावकारी गराउनु सवैको उत्तिकै भूमिका हुन्छ । निर्वाचन प्रकृयाबाट निर्वाचित हुने योग्य र इमानदार नेतालाई चयन गर्नुपर्दछ। योग्य र इमान्दार जनप्रतिनिधिले जनहितका पक्षमा काम गरेपछि मात्र लोकतन्त्रप्रति नागरिकको विश्वास र भरोसा बढ्छ भन्ने नै हो।

निर्वाचन आयोगले मात्र आचार संहिता बनाएर मात्र पुग्दैन। राजनीतिक दलहरूले पालना गर्न सक्नुपर्दछ । मतदातालाई पैसा बाढेर मत ल्याउने, धम्काएर मत माग्ने, हुलहुज्जत गर्ने जस्ता कार्य गर्दा स्वच्छ र मर्यादित निर्वाचन हुन सक्दैन। दिनानुदिन चुनाव अत्यन्तै महंगो बन्दै गएको छ। स्वच्छ ब्यक्ति सामान्य रूपमा चुनाव लड्न नसक्ने भएको अवस्था छ। यो तितो यथार्थ हो। त्यसैले सम्पूर्ण मतदाताहरूबाट सुशासन, भ्रष्ट्राचारमुक्त समाज, रोजगारीको सृजना, विकास र सम्बन्धमा सुधार, दलीय भागवण्डाको अन्त्य, भूराजनीतिमा सक्षम, उत्पादन र उत्पादकत्वमा वृद्धि, विश्वव्यापी बजारीकरण र सूचना प्रविधिमैत्री देश बनाउन योग्य उमेदवारलाई आफ्नो मताधिकार प्रयोग हुन सकोस् सबैमा शुभकामना छ। यसरी सबैले यस्ता महत्वपूर्ण विषय पालना भएमा आर्थिक सामाजिक रूपान्तरण नयाँ निर्वाचित नेतृत्वले दिन सक्नेछ भन्नेमा विश्वास गर्न सकिन्छ।

# योग्य उम्मेदवार खोजी



**मुनीन्द्ररत्न बज्राचार्य**

कुनै पनि राष्ट्रका लागि लोकतान्त्रिक पद्धतिमा महत्वपूर्ण राजनीतिक निर्णय गर्ने आधार निर्वाचन हो । राष्ट्रको सर्वाङ्गीण विकासका लागि प्रतिनिधि सभाको निर्वाचन महत्वपूर्ण छ । देशभर यही फागुन २१ गतेका दिन प्रतिनिधि सभाका लागि निर्वाचन हुँदै छ । मुलुक निर्वाचनको महाकुम्भमा होमिएको छ। निर्वाचन स्वच्छ, स्वतन्त्र र शान्तिपूर्ण हुनु जरुरी छ । अब देशको राजनीतिक अवस्थालाई एक निश्चित धारमा पुऱ्याउन अबको निर्वाचनमा योग्य उम्मेदवार छान्ने दायित्व नेपाली नागरिकमा आएको छ। यसपटकको चुनाव गत वर्षका चुनावभन्दा रोचक तथा फरक देखिन्छ। नयाँ राजनीतिक दलको आगमन, स्वतन्त्र उम्मेदवार, समावेशी उम्मेदवारको बाहुल्य छ। जेनजीको भावनालाई प्राथमिकता दिन उम्मेदवारीमा परिवर्तन र नयाँ सोच लिइएको छ। निर्वाचनमा सहभागी हुनका लागि ६८ दल सामेल भएका छन् । केही दलले गठबन्धनमा नलागी आआफ्नै तरिकाले उम्मेदवार उठाएका पनि छन्। जेनजी आन्दोलनको प्रभावले युवा उम्मेदवार बढेको देखिन्छ । मुलुकमा सबै जनतामा आसन्न चुनावका लागि उत्साहित छन् । महिला उम्मेदवारी औसतमा घटेको देखिन्छ। सबै वर्गलाई उम्मेदवार बन्ने चुनावी मैदानमा सहभागी हुन अवसर दिएको छ।

प्रतिनिधि सभाका उम्मेदवार पाँच वर्षका लागि निर्वाचित हुने भएकाले मतदाताले होसियारीपूर्वक प्रतिनिधि छानुन् भन्ने सबैको चाहना छ । यसका लागि विगतका चुनावमा विजयी भएकाले प्रतिनिधि सभाका सदस्यले राम्रो काम गरे या गरेनन्, जनताप्रति उत्तरदायी भएर कर्तव्य पूरा गरे/गरेनन् मूल्याङ्कन गरेर प्रतिनिधि छान्ने दायित्व मतदातामा छ। देशमा जबसम्म इमानदार, कर्तव्यपरायण, स्वावलम्बी, अनुशासित, चरित्रवान् र राष्ट्रियताको भावना कदर गर्न सक्ने जनप्रतिनिधिको हातमा देशको शासन पुग्दैन तबसम्म देश विकास सम्भव छैन। आसन्न चुनावमा कुनै पनि किसिमको कृपावाद र प्रलोभनमा नपरी स्वविवेकले योग्य प्रतिनिधि छान्नु आमजनताको दायित्व हुन्छ।

मताधिकार जनताको राजनीतिक अधिकार हो । आफूलाई उचित लाग्ने योग्य उम्मेदवार छान्ने अधिकार नागरिकमै छ । बहुदलीय व्यवस्थामा देशमा स्वस्थ राजनीतिक वातावरण सिर्जना गर्न सबै दलको सहयोग आवश्यक छ । बहुदलीय व्यवस्था बलियो बनाउन दलहरूले पारस्परिक समझदारी, सद्भावना र समन्वयको भावना देखाई उम्मेदवार जिताउनुपर्छ । दलले पत्याएको उम्मेदवारलाई मात्र मतदान गर्नुपर्छ भन्ने बाध्यता छैन । आफूलाई उचित ठान्ने योग्य उम्मेदवार छान्ने अधिकार नागरिकमा छ। दलले पत्याएको उम्मेदवारलाई मात्र मतदान गर्नुपर्छ भन्ने जरुरी छैन। चुनावको दिन नजिकिँदै गर्दा जनतामा उमङ्ग र उत्साह बढ्दै गइरहेको छ। राजनीतिक नेता, स्वतन्त्र उम्मेदवार र कार्यकर्ता भ्याइ नभ्याइ जनताको घरदैलोमा भोटका लागि प्रचार प्रसारमा जुटेका छन्। निर्वाचन परिणाम आफ्नो पक्षमा ल्याउन चुनावी मैदानमा होमिएका छन्।

> **मताधिकार जनताको राजनीतिक अधिकार हो । आफूलाई उचित लाग्ने योग्य उम्मेदवार छान्ने अधिकार नागरिकमै छ । बहुदलीय व्यवस्थामा देशमा स्वस्थ राजनीतिक वातावरण सिर्जना गर्न सबै दलको सहयोग आवश्यक छ। बहुदलीय व्यवस्था बलियो बनाउन दलहरूले पारस्परिक समझदारी, सद्भावना र समन्वयको भावना देखाई उम्मेदवार जिताउनुपर्छ । दलले पत्याएको उम्मेदवारलाई मात्र मतदान गर्नुपर्छ भन्ने बाध्यता छैन । आफूलाई उचित ठान्ने योग्य उम्मेदवार छान्ने अधिकार नागरिकमा छ । दलले पत्याएको उम्मेदवारलाई मात्र मतदान गर्नुपर्छ भन्ने जरुरी छैन। चुनावको दिन नजिकिदै गर्दा जनतामा उमंग र उत्साह बढ्दै गइरहेको छ। राजनीतिक नेता, स्वतन्त्र उम्मेदवार र कार्यकर्ता भ्याइ नभ्याइ जनताको घरदैलोमा भोटका लागि प्रचार प्रसारमा जुटेका छन् । निर्वाचन परिणाम आफ्नो पक्षमा ल्याउन चुनावी मैदानमा होमिएका छन् ।**

लोकतान्त्रिक शासन व्यवस्थामा चुनाव स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण सम्पन्न गर्ने पहिलो दायित्व सरकारको हो। शान्तिपूर्ण डर, धम्की र त्रासबिनाको चुनाव हुन जरुरी छ । निर्वाचन आयोगले निर्वाचन आचारसंहिता कानुन लागू गरिसकेको छ । चुनावमा हुन सक्ने त्रुटि भनेको धाँधली हो। चुनावमा हुन सक्ने धाँधलीमा सबैभन्दा पहिले मत खसाल्दा, मत गन्ती, गर्दा, मतपेटिका लैजाँदा हुने, हुलदङ्गा र अन्य विभिन्न घटना हुन सक्छ। यसका लागि चुनाव अभियानदेखि नै हातहतियार, मसलप्रयोग, धनराशिको कारोबार, डर धम्की देखाउन सक्छ। भदौ २३ र २४ मा भएको जेनजी आन्दोलनको समयमा लुटिएका हातहतियारको प्रयोग हुनसक्ने आशङ्का पनि गरिएको छ। निर्वाचनको मुख्य उद्देश्य भनेको निर्वाचनमा अधिकांश जनताले मतदान दिने अवसर पाउनु हो । समयमै मतदातामा मतदान ज्ञानको खाँचो छ। मतदाताका लागि आवश्यक सूचना सामग्री उपलब्ध हुनु पर्छ । मतदातालाई निर्वाचन प्रक्रिया, निर्वाचन प्रणाली, मतदान गर्ने तरिका, उम्मेदवार छान्ने आदिको ज्ञान सबैलाई उपलब्ध गराउनु आवश्यक छ । आजकाल अधिकांशको घरघरमा इन्टरनेटको सुविधा प्राप्त हुन सकेको छ। सामाजिक सञ्जालअन्तर्गत मोबाइलको प्रयोग गर्नेको संख्या बढेको छ । मतदानको ज्ञान यसैबाट सजिलैसँग दिन सकिन्छ । निर्वाचन आयोगबाट स्वीकृत प्रचार प्रसारका सामग्रीमा सूचना, श्रव्य दृश्य, संवाद, रेडियो तथा टेलिभिजन कार्यक्रम पत्रपत्रिका, सामाजिक सञ्जालमा अनलाइन सन्देशअन्तर्गत फेसबुक, टिकटक, भाइवर यु ट्युब, ह्वाट्सप र अन्य सामग्रीबाट सजिलै मतदानको ज्ञान दिन सकिन्छ।

चुनावमा सबै वर्गलाई समेटनुपर्छ। जस्तो महिला समूह, युवा समूह, आदिवासी जनजाति समूह, दलित समूह, शारीरिक अपाङ्गता समूह र अन्य भाषाभाषी धर्मावलम्बीलाई प्रतिनिधित्व गर्ने गरी मतदाता सचेतन कार्यक्रम हुनु जरुरी छ। यसबाट मतदानमा अधिकांश नेपालीले सहभागी हुने अवसर पाउने छ । आफूले चाहेका उम्मेदवारको विजय गराउन मद्दत मिल्ने छ। निर्वाचन सफलतापूर्वक सम्पन्न गर्ने मुख्य आधार शान्ति सुरक्षा हो। निर्वाचनको दिन नजिकिँदै आएको अवस्थामा राजनीतिक दलहरू र अन्य उम्मेदवारबिच प्रतिस्पर्धा मात्रै होइन आरोपप्रत्यारोप पनि हुन सक्ने भएकाले सुरक्षा संयन्त्र विशेष चनाखो हुनु पर्छ। यस्तो अवस्थामा आचारसंहिताको परिपालन भए/नभएको निगरानी राख्ने काम सम्बन्धित निकायको जिम्मेवारी हुन्छ । आचारसंहिताको नियम उम्मेदवारले जान्नु आवश्यक छ । आचारसंहिता उल्लंघन गरेमा एक लाख रुपियाँ जरिबाना तथा उम्मेदवारी रद्द गर्न सक्ने व्यवस्था, निर्वाचन कसुर मानिने कार्यको हकमा निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ बमोजिम कारबाही हुने छ। यसका लागि सरोकारवाला निर्वाचन आयोग, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग र नेपाली सेना निर्वाचनको समय सुरक्षाका लागि क्रियाशील हुनु जरुरी छ। यसो हुन सके आगामी निर्वाचन शान्तिपूर्ण, निष्पक्ष र भयरहित सम्पन्न गर्न सरकारलाई सहयोग पुग्ने छ। यसका लागि सबै पक्षबाट कार्यान्वयनका तयारी रहेको जानकारी दिँदै आएको छ।

जनतामा पनि निर्वाचनको व्यवस्थापन सुरक्षित हुन्छ भन्ने विश्वास छ । सरकार, निर्वाचन आयोग र अन्तर्राष्ट्रिय जगत्ले समेत चुनावका सम्बन्धमा चासो लिएकाले पनि निर्वाचन महत्वपूर्ण हुने छ । चुनावमा योग्य र देश हाँक्न सक्ने उम्मेदवार छान्न नेपालीले आफ्नो दायित्व निभाउने छ । भिडको पछि होइन, मुलुकको भविष्य हेरेर मतदान गरौं।

# रुपन्देही उद्योग संघले बनायो दुईवर्षे कार्ययोजना

बुटवल, माघ १८ (मेसस) । रूपन्देही उद्योग संघले आगामी दुई वर्षको कार्ययोजना तयार गरेको छ । स्वदेशी वस्तु उत्पादन गर्ने र यसको प्रवर्द्धन गर्ने उद्योगहरुको छाता संस्थाको रुपमा पहिचान बोकेको जिल्लाकै अग्रणी संस्थामा नयाँ नेतृत्व आएसँगै आफ्नो कार्यकालमा अघि सारिने तत्कालीन र दीर्घकालीन योजना बनाउने र यसमै आधारित रहेर काम गर्नका लागि कार्ययोजना बनाइएको संघले जनाएको छ।

उद्योग वाणिज्य मन्त्रालयमा लामो समय रहेका विज्ञ एवं नेपाल सरकारका पूर्व सचिव डा.तोयानारायण ज्ञवालीको सहजीकरणमा संघले नयाँ नेतृत्वमा आएको समिति, सल्लाहकारहरु, पूर्वअध्यक्ष तथा यसको कार्यान्वयन गर्ने कर्मचारीहरुका बीचमा तीन दिने कार्ययोजना कार्यशाला राखेर यसलाई अन्तिम रुप दिइएको संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीले जानकारी दिए।

पोखरामा माघ १५ गतेदेखि १७ गतेसम्म सञ्चालन भएको यो कार्ययोजनामा संघमा नयाँ अधिवेशनबाट निर्वाचित नेतृत्वले आगामी २ वर्षमा गरिने योजनालाई संस्थागत गरेर आएको उनले बताए।कार्ययोजनाको जिम्मेवारी लिएका पूर्वसचिव डा.तोयानारायण ज्ञवालीले यसरी बनेको कार्ययोजनाकै आधारमा काम गर्नसके संघले निर्धारित समयमै आफ्नो लक्ष्य पूरा गर्ने बताए। लुम्बिनी प्रदेशको प्रमुख सचिव तथा संघीय सरकारको वाणिज्य मन्त्रालयको सचिव रहेका ज्ञवालीले रुपन्देही क्षेत्रका उद्योगी व्यवसायी आफैँ पनि दीर्घकालीन योजना बनाएर अघि बढेर सफल भएकाले यो संस्थागत योजनालाई पनि कार्यान्वयनका लागि सहज हुने बताउँदै



आफूले अपेक्षा गरेभन्दा धैरे सकृय सहभागिता भएकोमा खुसी व्यक्त गरे।

ज्ञवालीले हरेक संघसंस्थामा बनाइने कार्ययोजनाले भविष्यलाई अहिलेबाट सोचेर योजनामा समेटिने, जिम्मेवारी बहन गरेर लक्ष्य प्राप्त गर्न महत्वपूर्ण हुने र कार्ययोजनाबाटै हरेक संघ संस्थाले निश्चित उद्देश्यबाट काम पूरा गर्नसक्ने बताए। रुपन्देही जिल्ला उद्योगसँगै आर्थिक, पर्यटन, शैक्षिक र व्यापारिक पूर्वाधारमा आधारित जिल्ला भएकोले त्यसैमा आधारित रहेर कार्ययोजना बनाउनुपर्नेमा समेत उनले जोड दिए। लामो समय संघ, प्रदेश र पालिकामा बसेर काम गर्दासमेत यस्तो क्रियाशिलता बाहिर नपाएको जनाउँदै उनले रूपन्देहीको क्षमताको प्रशंसा गर्दै कार्यान्वयनमा जोड दिन विशेष आग्रह गरे।

संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीको अध्यक्षता तथा महासचिव सुमन बस्यालको संचालनमा भएको कार्यक्रमको शुभारम्भमा पूर्वअध्यक्ष तथा सल्लाहकार समिति संयोजक माधवप्रसाद पौडेल, सल्लाहकार ऋषि भण्डारीले संस्थागत सुशासन र पारदर्शीतासँगै लक्ष्य पूरा गर्नका लागि पनि कार्ययोजना महत्वपूर्ण रहने र संघसंस्थाको काम टीमवर्कमा हुने भएकाले सिंगो कार्यसमिति, सल्लाहकार र कर्मचारीलाई राखेर विज्ञहरुको सुझावका आधारमा बनाइने कार्ययोजना फलदायी हुने बताए। समापन कार्यक्रममा संघका निवर्तमान अध्यक्ष दिलिप सापकोटाले कार्ययोजनालाई नै आधार मानेर काम गर्नुपर्ने र यसमा संघले तत्काल गर्न सकिने विषय भएकाले यसको कार्यान्वयनमा सिंगो टीम लाग्नुपर्ने बताए।

संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीले नयाँ नेतृत्व आएसँगै दुई वर्षे कार्ययोजना बनाएर त्यसैलाई आधार मानेर काम गर्नका लागि अग्रजहरुले बनाएका योजनाअनुसार कार्ययोजना बनाइएको बताए। कार्यक्रम संयोजक रहेका वरिष्ठ उपाध्यक्ष जीवकान्त काफ्लेले उत्पादनमूलक उद्योगीहरूको छाता संगठन र विभिन्न वस्तुगत समितिमा करिब २ हजार उद्योगीहरु आबद्ध भएकाले पनि यहाँबाट बन्ने कार्ययोजना अन्य व्यवसायिक प्रतिष्ठानहरुलाई पनि सहज बन्ने बताउँदै यसलाई पूर्णरुपमा कार्यान्वयन गर्ने जनाए।

संघका प्रमुख कार्यकारी अधिकृत यादव भण्डारीले अधिवेशनबाट नयाँ नेतृत्व आएसँगै यसैगरी कार्ययोजना बनाएर अघि बढ्ने र यसमा पहिलो वर्ष र दोस्रो वर्षमा पूरा गरिने सबै कार्यक्रम, योजना र बजेटका स्रोतहरुको समेत पूर्ण आधारहरुलाई समेटिने भएकाले कार्य सम्पादनमा सहज हुने जानकारी दिए।

# प्रदेशस्तरीय क्रिकेट छनोट प्रतियोगिता आजदेखि

भैरहवा, माघ १८ (मेसस) । सोमबारदेखि प्रधानमन्त्री कप एक्स्ट्रिम इनर्जी ड्रिंक लुम्बिनी प्रदेशस्तरीय पुरुष एक दिवसीय क्रिकेट छनोट प्रतियोगिता हुने भएको छ। लुम्बिनी प्रदेश क्रिकेट संघको आयोजनामा पहिलोपटक टाइटल स्पोन्सर राखेर छनोट प्रतियोगिता हुन लागेको हो । भैरहवाको सिद्धार्थ क्रिकेट मैदान र तिलोत्तमास्थित एक्स्ट्राटेक ओभल क्रिकेट मैदानमा प्रतियोगिता हुनेछ।

आयोजकले आइतबार भैरहवामा पत्रकार सम्मेलन गरी प्रतियोगिताबारे जानकारी दिएका हुन्। माघ २४ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा लुम्बिनी प्रदेशका ७ वटा जिल्लाका टिम सहभागी हुने खेल संयोजक एवं संघका प्रदेश सदस्य प्रथम पराजुलीले जानकारी दिए । उनका अनुसार रुपन्देही, पश्चिम नवलपरासी, पाल्पा, कपिलवस्तु, दाङ, बाँके र बर्दियाका टिम प्रतयोगितामा सहभागी हुनेछन् । संघका अध्यक्ष विनय राजभण्डारीले नेपाल क्रिकेट संघको सहयोगमा हुने प्रतियोगितामा पहिलोपटक प्रायोजकहरुको साथ लिएर छनोट खेललाई थप व्यवस्थित बनाइएको जनाए । उनले कतिपय जिल्लाहरुलाई अझै समेट्न नसकिएको जनाउँदै क्यानबाट मान्यता दिलाउन पहल भइरहेको बताए। नेपाल क्रिकेट संघका पूर्वकार्यबाहक सचिव प्रशान्त विक्रम मल्लले विगतमा लुम्बिनी प्रदेश मुलुककै क्रिकेटमा अब्बल सावित रहे पनि पछिल्लो समय विभिन्न उपाधि जित्नबाट चुकिरहेको जनाए । उनले यसपटक राम्रो मैदानमा छनोट खेल हुन




लागेको, प्रशिक्षण र सुविधा समेत राम्रो रहेकाले प्रधानमन्त्री कप जित्ने विश्वास व्यक्त गरे । मल्लले पछिल्लो समय प्रदेश क्रिकेट संघ समेत व्यवस्थित हुँदै गएकोमा खुसी व्यक्त गरे।

रुपन्देही क्रिकेट संघका अध्यक्ष हरिबहादुर थापाले हरेक दिन संघका कार्यक्रमहरु र प्रतियोगितालाई व्यवस्थित गरिएको जनाए । उनले यसपटक प्रदेशस्तरीय छनोट खेल अघि रुपन्देहीको टिम तयार गर्न पनि छनोट प्रतियोगितामार्फत खेलाडी छनोट गरिएको जनाए । यसले राम्रा खेलाडीहरुले अवसर पाइराखेको र विवादरहित बनाएको थापाले दावी गरे । टाइटल स्पोन्सर एक्स्ट्रिम इनर्जी ड्रिंक उत्पादक कम्पनी एग्रो थाई फूड्सका प्रबन्धक रामबहादुर क्षेत्रीले हरेक खेलकुदलाई उकास्न कम्पनीले सहयोग गरिरहेको जनाए । उनले यसपटक पनि प्रधानमन्त्री कप लुम्बिनी प्रदेशमै आयोजना गर्न पहल गर्नुपर्नेमा जोड दिए।

छनोट खेलको विजेता र उपविजेता टिमले ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। यस्तै, प्लेयर अफ द म्याचले ११ हजार १ सय ११ र प्रत्येक दिनको म्यान अफ द म्याचले १ हजार १ सय रुपैयाँ प्राप्त गर्ने छन् । प्रतियोगिता सम्पन्न गर्न करिब १२ लाख रुपैयाँ खर्च लाग्ने आयोजकको अनुमान छ। यसपटक प्रतियोगितालाई एक्स्पर्ट एजुकेसन एण्ड भिजा सर्भिस, बुटवल, ग्रुप-४ प्रोडक्ट प्रालि, काठमाडौं र ग्रुप-४ सेक्युरिटी सर्भिस प्रालि, काठमाडौंले प्रयोजन गरेका छन् । पत्रकार सम्मेलनमा जर्सी र ट्रफी समेत सार्वजनिक गरिएको थियो। यस वर्षको प्रधानमन्त्री कप चैतमा आयोजना गर्ने गरी क्यानले तयारी गरिरहेको छ।

# आन्तरिक पर्यटन प्रवर्द्धनमा होटल व्यवसायी

बुटवल, माघ १८ (मेसस) । आन्तरिक पर्यटक प्रवर्द्धनको उद्देश्यका साथ रुपन्देही होटल तथा रेष्टुरेन्ट व्यवसायी संघको पदाधिकारी तथा कार्यसमितिद्वारा पाल्पाको जन्तीलुङ्ग होमस्टे अध्ययन, अवलोकन भ्रमण गरेको छ । पुस १५ देखि १७ सम्म बुटवलमा सम्पन्न सडक खाना महोत्सव-२०८२ समिक्षासँगै आन्तरिक पर्यटन प्रवर्द्धन हुने गरी कार्यक्रम गरिएको संयोजक तथा संघका प्रथम उपाध्यक्ष थम्मन भण्डारीले बताए । बुटवलदेखि नजिकै रमणीय र पर्यटकीय क्षेत्रलाई प्रवर्द्धन गर्न सके आन्तरिक र बाह्य पर्यटकसमेत भित्रने सम्भावना रहेको उनले बताए।

कार्यक्रममा संघका वरिष्ठ सल्लाहकार माधव नेपालले पर्यटन विकासमा स्थानियको अग्रसरताको नमुनाको रुपमा जन्तीलुङ्ग होमस्टे भएको बताए। युवा पलायनलाई रोक्ने राम्रो विकल्प र आफ्नै थलोमा रोजगार दिने राम्रो सम्भावनाको होमस्टे प्रवर्द्धनमा सरकारको समेत राम्रो साथ रहेको उनले बताए।

सडक खाना महोत्सव २०८२ नया र फरक परिवेशमा यो वर्ष आयोजना गर्न सफल भएको संघका अध्यक्ष माधव कुमार खनालले दाबी गरे । ३५ वटा विभागमा जिम्मेवारीअनुसार कार्यसमिति सदस्यहरुबाट उत्कृष्ट काम सम्पादनका कारण कार्यक्रम सफल भएको उनले बताए । केवल मनोरन्जन र खानाका परिकार पस्कनेमात्र नभई सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु सरसफाई र रक्तदान एवं पर्यटन गोष्ठी समेत गरेको उनले बताए। अबको वर्ष भने महोत्सव आयोजनाका लागि निश्चित स्थान र समय तोक्न जरुरी रहेको भन्दै यसमा संघ अघि बढ्ने बताए।

कार्यक्रममा संघका निवर्तमान अध्यक्ष लेखनाथ भण्डारी, सल्लाहकार समुन्द्र जिसी, हिराध्वज शाह, सल्लाहकार प्रेम पाण्डे, सल्लाहकार महेन्द्र श्रेष्ठले काम गर्दा समस्या देखिनु स्वाभाविक भएको भन्दै कमीकमजोरीलाई चिर्दै आगामी वर्ष फरक ढंगबाट कार्यक्रम गर्नेतर्फ योजना बनाउन सुझाव दिए। कार्यक्रममा संघका कोषाध्यक्ष अर्जुन पोखरेलले महोत्सवको अनुमानित आयव्यय प्रस्तुत गरेका थिए। यसैगरी संघका वरिष्ठ उपाध्यक्ष अर्जुन थापा, पर्यटन उपाध्यक्ष रोमाकान्त पाण्डे, महासचिव केशवराज कँडेलले संस्थाको वार्षिक योजना अनुसार रचनात्मक कार्यमा सबैको साथ जरुरी रहने बताए।

# क्लब प्रशासन सुदृढीकरण तर्फ रोट्र्याक्ट डिस्ट्रिक्ट

बुटवल, माघ १८ (मेसस) । रोट्र्याक्ट डिस्ट्रिक्ट ३२९२, रिजन ५ अन्तर्गत क्लब प्रशासनसम्बन्धी सेसन देवदह मेडिकल कलेज, भलुहीमा सफलतापूर्वक सम्पन्न भएको छ । उक्त सेसनको अध्यक्षता एडिआरआर रो.लक्ष्मण श्रेष्ठले गरेका भने कार्यक्रमको अवधारणा तथा व्यवस्थापन डिआरआर एड रो.सुबिन खड्काले गरेका थिए। कार्यक्रमको औपचारिक सुरुवात जोन १८ का जेडआरआर रो. डा. आविष्कार पराजुलीको स्वागत मन्तव्य तथा वार्मअप सत्रबाट भएको थियो, जसले सहभागीहरूबिच सिकाइमैत्री तथा अन्तर्क्रियात्मक वातावरण सिर्जना गरेको थियो । कार्यक्रमको पहिलो सत्रमा डिआरआर एड रो.सुविन खड्काले प्रभावकारी माइन्युट लेखनका तरिका तथा रोट्र्याक्ट मिटिङको व्यवहारिक प्रदर्शनमार्फत सहभागीहरूलाई आवश्यक ज्ञान प्रदान गरे। दोस्रो सत्रमा कोषाध्यक्ष रो.अनुप पाण्डेले क्लब बाइलजको महत्वबारे प्रकाश पार्दै संरचित, पारदर्शी तथा दीगो क्लब सञ्चालनमा बाइलजको भूमिकाबारे विस्तृत छलफल गरे। तेस्रो सत्रमा डिस्ट्रिक्ट अफिसरहरू रो.सुदिप पौडेल र रो.युकेश मान ज्ञवालिले रोट्र्याक्ट नेपाल र रोटरी इन्टरनेशनलको आधिकारिक रिपोर्टिङ प्रणाली, अनलाइन प्लेटफर्म, रिपोर्टिङ प्रक्रिया, समयसीमा र डिस्ट्रिक्ट तथा अन्तर्राष्ट्रिय मापदण्डअनुसारको अनुपालनसम्बन्धी स्पष्ट मार्गदर्शन प्रदान गरे।

यसै क्रममा रो.सुदिप पौडेलद्वारा सञ्चालन गरिएको अन्तर्क्रियात्मक आइस-ब्रेकिङ सत्रले सहभागीहरूको सक्रिय सहभागिता बढाएको थियो । कार्यक्रममा एडिएस रो. प्रकाश खनाल तथा डिस्ट्रिक्ट अफिसर रो.राजुप्रसाद भुर्तेलको गरिमामय उपस्थिति रहेको थियो । विभिन्न रोट्र्याक्ट क्लबका अध्यक्ष, अध्यक्ष-निर्वाचित, बोर्ड सदस्य तथा क्लब सदस्यहरू गरी करिब ७० जनाको उल्लेखनीय सहभागिता रहेको उक्त कार्यक्रमको समापन रोट्र्याक्ट क्लब अफ देवदह मेडिकल कलेजका अध्यक्ष रो. अभिषेक ढकालको धन्यवादज्ञापन मन्तव्य तथा एडिआरआर रो.लक्ष्मण श्रेष्ठको समापन मन्तव्यसँगै सम्पन्न भएको थियो । समग्रमा, उक्त क्लब प्रशासनसम्बन्धी सेसनले सहभागीहरूलाई प्रशासन, दस्तावेजीकरण तथा रिपोर्टिङसम्बन्धी व्यावहारिक ज्ञान प्रदान गर्दै रोट्र्याक्ट क्लबहरूको शासन प्रणालीलाई थप सुदृढ बनाउने दिशामा महत्वपूर्ण योगदान पुऱ्याएको आयोजकहरूले बताएका छन्।

# 'नेपालीले आवश्यकताभन्दा तीन गुणा बढी नुन खाइरहेका छन्'

काठमाडौँ, माघ १८। सरकारले फेब्रुअरी महिनालाई 'आयोडिन महिना' का रूपमा मनाइरहँदा जनस्वास्थ्यविद् र उपभोक्ता अधिकारकर्मीहरूले नुनको प्रयोग र बालबालिकाको खानपान शैलीमा गम्भीर बन्नुपर्ने चेतावनी दिएका छन्। राष्ट्रिय उपभोक्ता मञ्चद्वारा आयोजित जनचेतनामूलक कार्यक्रममा बोल्दै वक्ताहरूले आयोडिनको कमीले हुने रोगहरू नियन्त्रणमा आए पनि नुनको अत्यधिक प्रयोग र पत्रु खाना (जंक फुड) का कारण नयाँ स्वास्थ्य समस्याहरू थपिएको बताएका छन्।

कार्यक्रममा वरिष्ठ खाद्यविज्ञ डा.अरुणा उप्रेतीले बालबालिकालाई माया गरेर दिइने चाउचाउ, बिस्कुटजस्ता प्याकेटका खानेकुरा उनीहरूका लागि 'विष' सरह हुने कडा टिप्पणी गरिन् । 'तपाईंहरू आफ्ना नानीबाबुलाई माया गरेर प्याकेटका खानेकुरा दिनुहुन्छ भने विश्वास गर्नुस्, त्यो माया होइन, 'शराब' दिएसरह हो,' डा. उप्रेतीले भनिन्, 'रक्सी र चुरोटजस्तै पत्रु खाना पनि बालबालिकालाई दिनुहुँदैन। उनीहरूको सानो मिर्गौलाले यस्ता खानेकुरामा हुने अत्यधिक नुन थेग्न सक्दैन, जसले भविष्यमा उच्च रक्तचाप र मिर्गौलाको समस्या निम्त्याउँछ ।'विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) को मापदण्डअनुसार एक व्यक्तिले दिनमा ५ ग्राम (एक चम्चा) मात्र नुन खानुपर्ने हुन्छ। तर, नेपालीहरूले दाल-तरकारीबाहेक तयारी खानेकुराबाट थाहै नपाइ दोब्बरदेखि तेब्बरसम्म नुन खाइरहेको डा.उप्रेतीले




औँल्याएकी छन् । उप्रेती भन्छिन्,'नुन स्वादका लागि अपरिहार्य छ, शरीरलाई आयोडिन पनि चाहिन्छ । तर मात्रा मिलाउन नसके यो विष बन्छ। अहिले चाउचाउ नेपालीको राष्ट्रिय खाजाजस्तै भएको छ, जसमा प्याकेटमा लेखिएभन्दा धेरै गुणा बढी सोडियम पाइन्छ ।' उनले महँगो 'हिमालयन साल्ट' वा 'एक्जोटिक साल्ट' को भ्रममा नपरी साधारण नुन नै ठिक्क मात्रामा खानु स्वास्थ्यवर्धक हुने सुझाव दिइन्।

कार्यक्रममा राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले नुनको आपूर्ति प्रणालीमा निजी क्षेत्रको प्रवेशले कालोबजारी र गुणस्तरहीनता निम्त्याउने भन्दै सचेत गराए । उनले विगतमा १०० ग्राम नुनलाई आकर्षक प्याकेटमा राखेर ३५० रुपैयाँसम्म असुलिएको उदाहरण दिँदै हाल साल्ट ट्रेडिङ कर्पोरेसनमार्फत भइरहेको वितरण प्रणाली नै उपभोक्ताको हितमा रहेको जिकिर गरे।

अध्यक्ष महर्जनले भने, 'सर्वोच्च अदालतको अन्तरिम आदेशले निजी क्षेत्रको चलखेल रोकेको छ । अहिले बजारमा 'आयोडिनयुक्त नुन खानु हुँदैन' भन्ने जुन भ्रम फैलाइएको छ, त्यसको पछि नलागौँ। समस्या नुनको गुणस्तरमा होइन, हाम्रो खाने बानीमा छ ।' साथै आयोडिन महिनाको अवसरमा मञ्चले नुनको प्रयोग पनि 'न धेरै, न कम' गर्न र बालबालिकालाई घरकै ताजा खानेकुरा खुवाउन सबैमा अपिल गरेको छ।

# व्यापार संघमा डिलर्स वस्तुगत उपसमिति गठन

बुटवल, माघ १८ (मेसस) । रुपन्देही व्यापार संघले संघमा आबद्ध विभिन्न प्रकृतिका व्यवसाय सञ्चालन गर्ने व्यवसायी सदस्यहरुलाई गोलबन्द गर्ने लक्ष्य अनुसार वस्तुगत भेलालाई तिब्रता दिएको छ। यसैक्रममा आइतबार संघमा आबद्ध डिलर्स व्यवसायीहरुको भेला सम्पन्न भएको छ । संघको सचिवालयमा सम्पन्न उक्त भेलाले मोति काफ्लेको संयोजकत्वमा १० सदस्यीय डिलर्स वस्तुगत उपसमिति गठन गरेको छ। उपसमितिको सहसंयोजकमा रेशम थापा, सचिवमा सुरेश पन्थी, कोषाध्यक्ष शंकर पौडेल, सहसचिव विराट नेपाल र सदस्यहरुमा पदम श्रेष्ठ, नेत्र न्यौपाने, गोपाल रेग्मी, दिपक अर्याल, ज्ञानेश्वर पाण्डे रहेका छन् । भेलामा बोल्दै कार्यक्रमका प्रमुख अतिथि संघका अध्यक्ष प्रकाश ढकाले संघका उपसमितिहरुले रुपन्देही व्यापार संघको पिल्लरको रुपमा जिम्मेवारी वहन गर्न अनुरोध गरे । उनले व्यवसायीहरुको समस्याहरुको बारेमा उपसमितिले पहिचान गर्न पहल गर्ने र त्यसको समाधान गरेर व्यवसाय विस्तारमा व्यवसायीहरुको सहयोगी बन्न आग्रह गरे । उनले रुपन्देही व्यापार संघ आम व्यापारी व्यावसायीको आशा र भरोसाको केन्द्रसमेत भएकोले व्यावसायी समस्याको समाधानमा एकजुट भएर लाग्न आग्रह समेत गरे।

कार्यक्रममा संघका सहसचिव एवं वस्तुगत उपसमितिका संयोजक नलराज नेपालले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पारेका थिए भने कार्यक्रममा नवनिर्वाचित संयोजक मोति काफ्लेले आफ्नो कार्यकालमा रचनात्मक क्रियाकलापहरु, डिलर्स व्यवसायीहरु एकुजट भई व्यावसायिक गतिविधिहरुमार्फत संघलाई थप उचाइमा पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेका थिए।

यस्तै कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष दयानिधि भण्डारी, महासचिव प्रकाशराज पौडेल, कोषाध्यक्ष अर्जुनप्रसाद भट्टराई, सहकोषाध्यक्ष जिवनारायणघिमिरे(जीवन),कार्यसमिति सदस्य सरोज ज्ञवाली, जिवन काफ्लेलगायतले उपसमितिको सक्रियता र क्रियाशीलताले संघको गतिविधि आम उपभोक्ता तथा व्यवसायीमा पुग्ने हुँदा अघिल्लो कार्यकालमा भएका काम भन्दा अझ उत्कृष्ट काम गर्न सुझाव दिए। कार्यक्रम संघका कार्यसमिति सदस्य मुरारीराज भण्डारीको अध्यक्षता र सरोज ज्ञवालीको सञ्चालनमा सम्पन्न भएको थियो।

## बिमालेख हराएको सुचना

मेरो निम्न व्यहोराको लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड को बिमालेख मिति २०८२।०९।०५ गते पडसरीदेखि भैरहवातर्फ जादै गर्दा हराएको हुनाले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

नाम: पुनम यादव ठेगाना: पडसरी, ओमसतिया-२, रूपन्देही
बिमालेख नं.: १५००४४९६१ सम्पर्क: ९८२१४५८२०८

## बिमालेख हराएको सुचना

मेरो निम्न व्यहोराको लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड को बिमालेख मिति २०८२।०९।०५ गते पडसरीदेखि भैरहवातर्फ जादै गर्दा हराएको हुनाले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

नाम: उग्रावती यादव ठेगाना: पडसरी, ओमसतिया-२, रूपन्देही
बिमालेख नं.: १५००४४९६३ सम्पर्क: ९८१३३३८०८७

लुम्बिनी प्रदेश सरकार
## कृषि, भूमि ब्यवस्था तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

## राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कारका लागि आवेदन आव्हान सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति: २०८२/१०/१९ गते

राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ अनुसार आ.व. २०८२/०८३ मा यस प्रदेश भित्र गाई/भैंसी विधामा उत्कृष्ट कार्य गरेका कृषक छनोट गरी राष्ट्रिय उत्कृष्ट पुरस्कारका लागि सिफारिस गरी पठाउन कार्यविधिको अनुसूची २ बमोजिम न्युनतम मापदण्ड पुगेका इच्छुक कृषक व्यवसायीले अनुसूची ३ बमोजिमको निवेदन र अनुसूची ४ बमोजिमको फाराम भरी यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र वा एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयमा आवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

कार्यबिधि र आवश्यक फाराम मन्त्रालयको वेबसाईट (https://molmac.lumbini.gov.np) वा सम्बन्धित निर्देशनालय तथा सम्बन्धित जिल्लास्थित कार्यालयको वेबसाईटबाट प्राप्त गर्न सकिनेछ ।

## शिलबन्दी दरभाउपत्र प्रक्रियाबाट वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

पहिलो पटक सूचना प्रकाशित मिति: २०८२/१०/१९ गते

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. १२६३ मिति २०८२/०८/०७ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यलय बाँकेको च.नं. २३५० मिति २०८२/१०/१५ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेको खयर जातको कुल जम्मा गोलिया थान ९४१ को ७४१.८४ क्यू.फिट काठ तथा अन्य जातको ०.७५ चट्टा दाउरालाई हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सुचना प्रकाशित गरिएको हो । ईच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सुचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सिलबन्दी बोलपत्र खरिद गर्न र २२ दिनभित्र सिलबन्दी बोलपत्र दर्ता गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यलयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री श्रृष्टी सामुदायिक वन उपभोक्ता समूह**
कोहलपुर न.पा.-१०, बाँके

## श्री जंगहत्था माध्यमिक विद्यालय
सियारी गाउपालिका-३, हर्नैया, रुपन्देही

## शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

मिति : २०८२/१०/१८

सियारी गाउपालिका वडा न. ३, हर्नैया, रुपन्देहीमा अवस्थित यस श्री जंगहत्था माध्यमिक विद्यालयको नाममा दर्ता श्रेस्ता कायम रहेको सियारी गाउपालिका वडा नं. ३, हर्नैयामा रहेको कि.नं. २क ३२ ज.बि. १-१९-० जग्गामा रहेको पोखरी ठेक्कामा दिनुपर्ने भएकोले यस विद्यालयको बि.व्य.स.को मिति २०८२/१०/१८ गते बसेको बैठकको निर्णय बमोजिम सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

**आवश्यक शर्तहरू:**

१. ठेक्काको करार अवधि ५ बर्षको हुनेछ ।
२. बार्षिक बोल रकम कम्तिमा ३ लाख भन्दा कम हुने छैन ।
३. किस्ता रकम ६/६ महिनामा बर्षमा २ पटक जम्मा गर्नु पर्नेछ ।
४. बोल रकमको १०% ले हुने रकम धरौटी बापत अग्रीम जम्मा गर्नुपर्नेछ ।
५. फारम रु. १०००/ भुक्तानी गरी बिद्यालय प्रशासनबाट उपलब्ध गराइनेछ ।
६. सर्बाधिक बोल रकमलाई ठेक्का उपलब्ध गराइनेछ ।
७. कुनै कारणबस पहिलो र दोश्रोले ठेक्का स्वीकार नगरे तेश्रोलाई ठेक्का उपलब्ध गराइनेछ । साथै धरौटी बापतको रकम फिर्ता गरिने छैन ।
८. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
९. बोलपत्र २०८२/११/०४ गते सोमबारका दिन दिनको ठिक ३ बजे बिद्यालयमा खोलिनेछ ।
१०. ठेक्का सम्झौता लागु हुने मिति : २०८३ साल बैशाख १ गतेदेखि ।

प्रधानाध्यापक

नेपाल सरकार
गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय
नागरिकता शाखा
सिद्धार्थनगर, रुपन्देही


## सूचना

यस जिल्ला अर्न्तगत तिलोत्तमा नगरपालीका वडा नं ११ बस्ने छविलाल गौतमको छोरा होमनाथ गौतमले भारतीय आधारकार्ड, राहदानी, भारतीय निर्वाचन कार्ड प्राप्त गरी भारतमा नै बसोवास गर्ने हुदा आफुले लिएको नेपाली नागरिकता प्रमाणापत्र, नागरीकता ऐन २०६३ को दफा १०(२) र नागरीकता नियमावलीको नियम ९ (४) बमोजीम नागरीकता त्याग गरी पाउ भनि आवेदन गरेकाले आवेदकलाई माग बमोजीम नागरीकता त्याग दर्ता गरीने हुदा व्यक्ती, फर्म, सरकारी संस्था र बैंकहरुमा लेनदेन ऋण र अन्य सरकारजन्य केही विषय भएमा यस कार्यालयमा ३५ दिनभित्र सम्पर्क राख्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**नाम/थर: होम नाथ गौतम**
**ना.प्र.नं.: १।२१२४४**
**जारी मिति: २०६३।१।२०**

## इट्टा चाहिएमा !

तपाईहरुको शहर भैरहवा बुटवलमा बलियो, भरपर्दो तथा टिकाउ L.B.F. मार्का इट्टा चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला ।




सम्पर्क: पडसरी-५, ठुटीपिपल, रुपन्देही
फोन: ९८५७०२३३२०, ९८५७०२३२१४, ९८५७०२३८१३ फयाक्टी
नोट: पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाची लगायत अन्य जिल्लाहरुमा पनि ट्रकमा पठाउने व्यवस्था छ ।